मिति २०७७।०५।०२ गते श्रीमान प्र.जि.अ. हुमकला पाण्डेज्यूको संयोजकत्वमा तथा जिल्ला समन्वय समिति भक्तपुरका अध्यक्ष श्री नवराज गेलाललगायत देहायका महानुभावहरुको उपस्थितिमा जिल्लास्तरीय कोभिड-१९ संकट व्यवस्थापन संचालन केन्द्र (**DCCMC**) भक्तपुरको ३२ औं बैठक बसि देहाय अनुसार छलफल र निर्णय गरियो।

उपस्थितिः

सल्लाहकार(**DCCMC**) - अध्यक्ष श्री नवराज गेलाल, जिल्ला समन्वय समिति, भक्तपुर

जिल्लास्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (**DCCMC**) का पदाधिकारिहरूः

१. प्रमुख जिल्ला अधिकारी श्री हुमकला पाण्डे, जिल्ला प्रशासन कार्यालय, भक्तपुर
२. जिल्ला समन्वय अधिकारी श्री जगन्नाथ लामिछाने , जिल्ला समन्वय समितिको कार्यालय, भक्तपुर
३. प्रमुख सेनानी श्री शिव प्रसाद पौडेल, वीरदल गण सूर्यविनायक व्यारेक, भक्तपुर
४. प्रहरी उपरिक्षक श्री तारादेवी थापा, महानगरीय प्रहरी परिसर, भक्तपुर
५. सशस्त्र प्रहरी उपरिक्षक श्री उद्धबबहादुर न्यौपाने, सशस्त्र प्रहरी बल नेपाल २२ नं गण, भक्तपुर
६. उप अनुसन्धान निर्देशक श्री सुरेन्द्र कोइराला, रा.अ.वि.जिल्ला कार्यालय, भक्तपुर
७. सहायक प्रमुख जिल्ला अधिकारी श्री दुर्गादत्त ढकाल, जिल्ला प्रशासन कार्यालय, भक्तपुर
८. मे.सु. श्री सुमित्रा गौतम, भक्तपुर अस्पताल, भक्तपुर
९. कार्यालय प्रमुख श्री कृष्णबहादुर मिजार, स्वास्थ्य कार्यालय, भक्तपुर – स्थायी आमन्त्रित
१०. प्रमुख श्री मनोज थापा, नेपाल रेडक्रस सोसाइटी, भक्तपुर – स्थायी आमन्त्रित

आमन्त्रितः

१. श्री प्रा.डा. प्रेम ज्ञवाली-शहिद धर्म भक्त ~~मानव अंग~~ प्रत्यारोपण केन्द्र, भक्तपुर
२. श्री भानु न्यौपाने शहिद धर्म भक्त ~~मानव अंग~~ प्रत्यारोपण केन्द्र, भक्तपुर
३. श्री भगिरथ अधिकारी, म.थि.न.पा. स्वास्थ्य संयोजक
४. श्री डा. रत्न सुन्दर लासिवा, भ.न.पा. स्वास्थ्य संयोजक
५. श्री सत्यकुमार दुवाल, चा.न.पा. स्वास्थ्य संयोजक
६. श्री वसन्त चापागाई, सु.न.पा. स्वास्थ्य संयोजक
७. सुन्दर हरी श्रेष्ठ, सु.न.पा.

**छलफलका विषयहरु**

१. **अघिल्लो बैठकको समिक्षा सम्बन्धमा।**

२. **आइसोलेशन सम्बन्धमा।**

३. **एम्बुलेन्स/शव वाहन सम्बन्धमा।**

४. **सूचना केन्द्र सम्बन्धमा।**

५. **विविध।**

**निर्णयः**

१. कोभिड-१९ जिल्लागत संरचनाको मिति २०७७।०४।३० गते बसेको ३१ औं बैठकका निर्णयहरू माथि समीक्षा गर्दा कार्यान्वयनको अवस्था प्रभावकारी रहेको पाइएकोले आगामी दिनहरूमा पनि सोहीअनुरुप निरन्तरता दिने।

२. कोभिड-१९ संक्रमित रहेको स्थान स्वास्थ्य मापदण्ड बमोजिम रहेको सम्बन्धित नगरको स्वास्थ्य अनुगमन टोलीले ठहर गरेमा सोही संरचनालाई होम आईसोलेसनको रुपमा प्रयोग गर्ने। मापदण्ड विपरीत ठहरीएमा जिल्ला स्थित तोकिएको आइसोलेशनमा पठाउने।

३. दिनप्रतिदिन कोभिड-१९ संक्रमितहरूको संख्या बढ्दै गहिरहेको अवस्थामा उपयुक्त स्थानहरूलाई पहिचान गरी बेड, जनशक्ति र आवश्यक सामग्रीसहित आइसोलेशनको रुपमा प्रयोग गर्न आवश्यक तयारी गर्ने।

४. कोभिड-१९ संक्रमितहरूको ओसारपसार गर्न नगरपालिकामा रहेका एम्बुलेन्सहरू मध्ये १५/१५ दिनको आलोपालो हुने गरी एम्बुलेन्स र सोको चालक (चिकित्सकहरूको खटनपटनसँग मिल्दोजुल्दो हुने गरी) खरिपाटी स्थित आइसोलेशन केन्द्रबाटै संचालन गर्ने। एम्बुलेन्स चालकलाई कोभिड-१९ प्रयोजनार्थ डेडिकेटेड बनाउन स्थानीय तहलाई तालिम प्रदान गर्नको लागि अनुरोध गर्ने। जिल्ला स्वास्थ्य कार्यालयले जिल्लामा भएका सबै एम्बुलेन्स प्रतिनिधि र चालकसहित बैठक बसी व्यवस्थापन गर्ने।

५. कोभिड-१९ संक्रमित शव वाहन चालक तयारी हालतमा राख्न र चालकलाई कोभिड-१९ शव संचालन प्रयोजनार्थ डेडिकेटेड बनाउन स्थानीय तहलाई तालिम प्रदान गर्नको लागि अनुरोध गर्ने।

६. कोभिड-१९ को संक्रमण र महामारी नियन्त्रण गर्नको लागि भक्तपुर जिल्ला चा.न.पा. वडा नं. ३ नेपाल मेडिकल कलेज भवन आइसोलेशन केन्द्रको रूपमा संचालन गर्न आवश्यक तयारी गर्ने।

७. मिति २०७७।०४।३० को ३१ औं बैठकको नर्णिय अनुसार गठन गरएिको सूचना वूयवस्थापन एकाईको कार्यालय खेलकुद विकास समितिको भवनबाट एकीकृत सेवा सुचारु गर्ने। त्यसै गरी नगरपालिकास्तरमा सूचना केन्द्र स्थापना गरी संक्रमितहरूको कन्ट्रयाक्ट ट्रेसिङ गर्न र जिल्ला स्थित सूचना व्यवस्थापन एकाईलाई आवश्यक सूचना सम्प्रेषण गर्न वडास्तरीय स्वास्थ्यकर्मी परिचालन हुने गरी TOR सहितको टोली गठन गर्ने।

८. कोभिड-१९ को संक्रमण रोकथाम र नियन्त्रणका लागि स्थानीय तहहरूमा आन्तरिक सचेतनाका अभियान संचाल गर्दै गृह मन्त्रालयबाट प्राप्त निर्देशन गर जि.प्र.का बाट लागू गरिएको निषेधित कार्यहरूको निरन्तर अनुगमन गर्ने।